धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको
नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

## नबिल ब्यालेन्सड् फण्ड – १ (Nabil Balanced Fund - I)
## को

# विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

प्रति इकाई मूल्य रु १०/– दरको ६,००,००,००० (छ करोड) इकाईमध्ये न्यूनतम ९०,००,००० (नब्बे लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेड तथा योजना व्यवस्थापक श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ५,१०,००,००० (पाँच करोड दस लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिको ।

**कोष प्रवर्द्धकले यस योजनाद्वारा बिक्री गर्ने कुल इकाई रकमको न्यूनतम १४ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ ।**

योजनाको किसिम : बन्दमुखी
योजनाको अवधि : ५ वर्ष
योजना परिपक्व हुने : इकाई बाँडफाँट भएको मितिले ५ वर्ष
योजनाको रेटिङ्गसम्बन्धमा : नभएको ।
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०६९/११/१७ गते ।
बोर्डमा योजना दर्ता मिति : २०६९/११/१७ गते ।
इकाई बिक्री खुल्ला हुने मिति : २०६९/१२/०७ गते ।
इकाई बिक्री बन्द हुने मिति (छिटोमा) : २०६९/१२/११ गते (बैंकिंग समय पश्चात्) ।
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) : २०६९/१२/२१ गते (बैंकिंग समय पश्चात्) ।
आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या : १०० (एक सय)
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या : ६०,००,००० (साठ्ठी लाख)
आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम : शत्प्रतिशत

*पुनश्च :* बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भएपछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।

**कोष प्रवर्द्धक**

**नबिल बैंक लिमिटेड**
नबिल सेन्टर, बिना मार्ग, दरबार मार्ग, काठमाडौं
फोन: ४२२१७१८, ४२२७१८१, फ्याक्स नं. ४४४३१६०
इमेल : info@nabilbank.com, वेवसाइट : www.nabilbank.com

**कोष सुपरिवेक्षक**

१. प्राध्यापक पवन कुमार ओझा – पूर्वमहा–न्यायाधिवक्ता। कानून व्यवसायमा ३८ वर्षभन्दा बढीको अनुभव। हाल वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत।
ठेगाना: १९०/५४, स्लेषमान्तक मार्ग, सिनामंगल, काठमाडौं, ९।

२. प्राध्यापक डा. विजय कुमार के.सी.–शिक्षाविद्। शिक्षण तथा अनुसन्धानमा ४० वर्षभन्दा बढीको अनुभव। हाल साउथ एशियन इन्स्टीच्यूट अफ मेनेजमेन्टको डिनको रुपमा कार्यरत।
ठेगाना: ५/९६ बिक्रम भवन, मानभवन, ललितपुर।

३. सि.ए. पुष्प लाल श्रेष्ठ – ४० वर्षभन्दा बढीको व्यावसायिक अनुभव।
ठेगाना: ११३/१९ सुरुङ्ग मार्ग, माहाराजगञ्ज, काठमाडौं, ३।

४. डा. रमेश कुमार भट्टराई – पूर्वप्रशासक (प्रमुख कार्यकारी अधिकृत), कर्मचारी सञ्चय कोष। कर्मचारी सञ्चय कोषमा २८ वर्षभन्दा बढीको संलग्नता तथा क बर्गको वित्तीय संस्थाहरुको सञ्चालकको रुपमा १० वर्षभन्दा बढीको अनुभव।
ठेगाना: १७१/३२ गौतमबुद्ध मार्ग, अनामनगर, काठमाडौं।

५ श्री विनोद बाबु काफ्ले – पूर्व सञ्चालक, नेपाल धितोपत्र बोर्ड। निजामति सेवामा ३० वर्षभन्दा बढीको अनुभव।
ठेगाना: आनन्द बस्ती, इमाडोल गा.वि.स, वडा नं. ९ (घ), हात्तिवन, ललितपुर।

**योजना व्यवस्थापक**

**(निष्काशन तथा बिक्री प्रवन्धकको कार्यसमेत गर्ने)**

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.
चाबहिल, काठमाडौं
फोन : ४४६५०१०,
फ्याक्स : ४४६५००९
Email:nabilinvest@nabilbank.com
URL:www.nabilinvest.com.np

**"योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति नभएकोले कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसाग पढ्नु होला"।**

## २.१. विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण-पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा | २ |
| २.३ | विवरण-पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ३ |
| २.४ | विवरण-पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्वसम्बन्धमा | ३ |
| ३ | **उद्घोषण** | |
| ३.१ | नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण | ३ |
| ३.२ | कोष प्रबर्द्धकको उद्घोषण | ३ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| ४ | **योजनासम्बन्धी संक्षिप्त जानकारी** | ४ |
| ५ | **कोष प्रबर्द्धकसम्बन्धी जानकारी** | |
| ५.१ | कोष प्रबर्द्धकको नाम | ५ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ५ |
| ५.३ | कोष प्रबर्द्धक स्थापित भएको ऐन/ नियमसम्बन्धी विवरण | ५ |
| ५.४ | कोष प्रबर्द्धकको संक्षिप्त इतिहास | ५ |
| ५.५ | कोष प्रबर्द्धकका प्रमुख उदेश्यहरु | ५ |
| ५.६ | कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण | .७ |
| ६ | **योजना व्यवस्थापकसम्बन्धी विवरण** | |
| ६.१ | योजना व्यवस्थापकको परिचय | ११ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १२ |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्वसम्बन्धी व्यवस्था | १३ |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | १३ |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी | १५ |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी | १६ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण | १८ |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था | १८ |
| ६.९ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | १८ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/ मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण | १८ |
| ६.११ | यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मुल्य (नेट एसेट भ्यालु) सम्बन्धी विवरण | १९ |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत | १९ |
| ७ | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण** | |
| ७.१ | कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता | १९ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेका जिम्मेवारी | १९ |
| ७.३ | योजनासम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २० |
| ७.४ | कोष प्रवर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु | २० |
| ८ | **योजनासम्बन्धी जानकारी** | |
| ८.१ | योजनासम्बन्धी विवरण | २२ |
| ८.२ | योजनाको उद्देश्य | २२ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | २२ |
| ८.४ | योजनाको वित्तीय प्रक्षेपणसम्बन्धी विवरण | २३ |
| ८.५ | योजनाको खर्चसम्बन्धी विवरण | २७ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २८ |
| ८.७ | लगानी तथा लाभांशकासम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था | २८ |
| ८.८ | योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/ नहुने कुरा र हुने भएमा सोको प्रक्रिया | २८ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था | २८ |
| ८.१० | योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | २९ |

| | | |
|---|---|---|
| ९ | **इकाई निष्काशनसम्बन्धी विवरण** | |
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | ३३ |
| ९.२ | आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | ३३ |
| ९.३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३४ |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या | ३४ |
| ९.५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था | ३४ |
| ९.६ | आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु | ३४ |
| १० | **इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | ३६ |
| ११ | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | ३७ |
| १२ | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)** | |
| १३ | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | |


## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा

(क) “ऐन” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ (संशोधनसहित) सम्झनुपर्दछ।

(ख) “नियमावली” भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधनसहित) सम्झनुपर्दछ।

(ग) “निर्देशिका” भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनुपर्दछ।

(घ) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनुपर्दछ।

(ङ) “विवरण पुस्तिका” भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिकाबमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनुपर्छ।

(च) “संकलन केन्द्र” भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिकीका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पुर्जा र इकाईधनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ।

(छ) “निष्काशन बैंक” भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका क बर्गका बैंकहरुलाई सम्झनुपर्दछ।

(ज) “कोष प्रवर्द्धक” भन्नाले नबिल बैंक लिमिटेडलाई सम्झनुपर्दछ।

(झ) “योजना व्यवस्थापक” भन्नाले नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेडलाई सम्झनुपर्दछ।

(ञ) “कोष सुपरिवेक्षक” भन्नाले नियमावलीको व्यवस्थाबमोजिम नबिल म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृतिप्राप्त गरी कोष प्रबर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूहलाई सम्झनुपर्दछ।

(ट) “डिपोजिटरी” भन्नाले योजना अर्न्तगतका इकाई धनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाई धनीहरुलाई लाभांश वितरण गर्नेजस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमतिप्राप्त नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेडलाई सम्झनुपर्दछ।



## २.३ विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु

| क्र.सं. | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | नबिल बैंक लिमिटेड, नबिल सेन्टर, बीना मार्ग, दरबारमार्ग स्थित प्रधान कार्यालय तथा आह्वान पत्रमा तोकिएको सम्पूर्ण शाखा कार्यालयहरु |
| २. | नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड चावहिल र अनामनगर, काठमाडौं |

उपर्युक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्था तथा मर्चेन्ट बैंकरहरुमा विवरण-पुस्तिका प्राप्तगर्न वा हेर्न सकिने, निवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न सकिनेछ।

आवेदकले संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्टमार्फत दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा इकाई निष्काशन बन्द हुने अघिल्लो दिन (सो दिन सार्वजनिक बिदा परे सोको अघिल्लो दिन) सम्ममा नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टसाथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिकी बन्द भएको १० (दश) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्वसम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावलीबमोजिम तयार गरी निष्काशनको निमित्त बोर्डबाट स्वीकृति प्राप्त भएको छ। यसबाट योजनामा सहभागी हुन चाहने सबैलाई योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त हुनेछ। यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव गरिन्छ। विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा प्रकाशित विवरणमा कुनै प्रकारको उल्लेख्य परिवर्तन भएमा सोको सार्वजनिक रुपमा जानकारी गराइनेछ।

## ३. उद्घोषण :

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्रसम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### ३.२ कोष प्रवर्द्धकको उद्घोषण

प्रचलित कानूनवमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ। कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको

सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालकमार्फत योजनाको व्यवसायिक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ।

कोष प्रवर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको न्यूनतम १४ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ।

### ३.३ योजना व्यवस्थापकको उद्घोषण

यो विवरण पुस्तिकामा योजनासम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेका छन्। यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ।

### ३.४ कोष सुपरिवेक्षकको उद्घोषण

कोष व्यवस्थापकबाट तयार भएको यस विवरण पुस्तिकामा समावेश भएका विषयहरु हामीलाई योजना व्यवस्थापकबाट उपलब्ध गराइएका विवरणको आधारमा अध्ययन गर्दा जाने बुझेसम्म सत्य र तथ्यपरक पाइएको हुँदा विवरण पुस्तिकाको स्वीकृतिका लागि पठाउन सहमति दिइएको छ। यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरुले लगानीकर्तालाई योजनाको इकाईमा लगानीका लागि सु-सूचित भई निर्णयमा पुग्न सहयोग पुऱ्याउने हाम्रो विश्वास रहेको छ।

## ४. योजनासम्बन्धी संक्षिप्त जानकारी

| | | | |
|---|---|---|---|
| ४.१ | क | योजनाको नाम | **नबिल ब्यालेन्सड् फण्ड - १ (Nabil Balanced Fund-I)** |
| | ख | योजनाको आकार | रु. ६०,००,००,०००।- (साठी करोड) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| ४.२ | क | निष्काशन गर्न लागिएको इकाई सङ्ख्या | ६,००,००,००० (छ करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०।- (अक्षरेपी दश) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या | ३,००,००,००० (तीन करोड) |
| | घ | अधिकतम सकारिने इकाई सङ्ख्या | ७,५०,००,००० (सात करोड पचास लाख) |
| | ङ | योजनाको अवधि | ५ वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँड भएको मितिले ५ वर्ष (उक्त अवधिपश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानूनबमोजिम वितरण गरिने)। |
| | छ | इकाई बिक्री केन्द्रहरु | योजना व्यवस्थापकको कार्यालय, कोष प्रवर्द्धक श्री नबिल बैंक लि. को प्रधान कार्यालय र आह्वान पत्रमा तोकिएका सबै शाखा कार्यालयहरु तथा योजना व्यवस्थापकले नियुक्त गरेका संकलन केन्द्रहरु |
| | ज | आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या | १०० (एक सय) |
| | झ | आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या | ६०,००,००० (साठी लाख) |
| | ञ | इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था | इकाई बिक्रिका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र बाँडफाट निर्देशिका, २०६८ बमोजिम इकाईको बाँडफाँट गरिने। |
| | ट | सूचिकरण तथा दोस्रो बजार कारोबार व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने। |
| ४.३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने। सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने। |



| | | | |
|---|---|---|---|
| ४.४ | | इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानूनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने। |
| ४.५ | | योजना व्यवस्थापकको<br>नाम तथा ठेगाना:<br>स्थापित ऐन:<br>दर्ता मिति:<br><br>बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति: | नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड, का.जि.का.म.न.पा.,चावहिल, काठमाडौं।<br>कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३।<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति: २०६६/१०/२४ (दर्ता नं. १२११/०६६/०६७)।<br>२०६९/०५/२७। |
| ४.६ | | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | सि.ए. सुजन काफ्ले एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक न्युप्लाजा, काठमाडौं। |
| ४.७ | | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | सि.ए. एस.आर. पाण्डे एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, नयाँ बानेश्वर, काठमाडौं। |
| ४.८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | (क) प्राध्यापक पवन कुमार ओझा<br>१९०/५४, स्लेषमान्तक मार्ग, सिनामंगल, काठमाडौं ९।<br>(ख) प्राध्यापक डा. विजय कुमार के.सी<br>५/९६ बिक्रम भवन, मानभवन, ललितपुर।<br>(ग) सि.ए. पुष्प लाल श्रेष्ठ<br>११३/१९ सुरुङ्ग मार्ग, माहाराजगञ्ज, काठमाडौं ३।<br>(घ) डा. रमेश कुमार भट्टराई<br>१७१/३२ गौतमबुद्ध मार्ग, अनामनगर, काठमाडौं।<br>(ङ) श्री विनोद बाबु काफ्ले<br>आनन्द बस्ती, इमाडोल गा.बि.स, वडा नं. ९ (घ), हात्तिबन, ललितपुर। |
| ४.९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | नभएको। |
| ४.१० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :<br>१. बोर्डमा दर्ता भएको धितोपत्र।<br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र।<br>३. धितोपत्र बिनिमय बजारमा सूचीकृत धितोपत्र।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु।<br>५. बैंक निक्षेप।<br>६. मुद्रा बजार उपकरण।<br>७. बोर्डले तोकिदिएको अन्य क्षेत्र। |
| ८.११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनीले नै डिपोजिटरीको कार्य गर्ने। सो कार्य कम्पनीको अनामनगर स्थित कार्यालयबाट प्रदान गरिने। |
| ४.१२ | | खुद सम्पत्ती मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरेबमोजिम सार्वजनिक गरिने छ। सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९(क)<br>(ख) मा उल्लेख गरिएको छ। |

## ५.  कोष प्रवर्द्धकसम्बन्धी जानकारी

### ५.१  कोष प्रवर्द्धकको नाम

श्री नबिल बैंक लिमिटेड

### ५.२  योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत

योजना व्यवस्थापक कम्पनीमा कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेडको चुक्ता पूँजीको ७४.२९ प्रतिशत शेयर स्वामित्व रहेको।

### ५.३  कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण:

प्रचलित कम्पनी ऐनअन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुसार कारोबार गर्न इजाजत प्राप्त।

### ५.४  कोष प्रवर्द्धकको संक्षिप्त इतिहास

नबिल बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४१/०१/२९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो। मिति २०४१/०३/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बैंकले २०४१/०३/२९ गते देखि आफ्नो वित्तीय कारोवार गर्दै आएको छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ (तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१) बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वित्तीय संस्थाको रुपमा बैंकलाई मिति २०६३/०२/१२ मा पुनः इजाजत प्राप्त भई "क" वर्गको इजाजतप्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिरहेको छ। यस बैंकमा ७०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ३०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ। बैंकिंग क्षेत्रमा यस बैंकले एक अग्रणी बैंकको भूमिका निर्वाह गरिरहेको छ।

### ५.५  कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु

कम्पनीको प्रबन्धपत्रअनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

**(क)** बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

**(ख)** कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

**(ग)** उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

**(घ)** मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।



### ५.६  कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण

नबिल बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

**क. समष्टिकृत वासलात**

| विवरण | वास्तविक (रु. हजारमा) | | | |
|---|---|---|---|---|
| | २०६७ असार मसान्त | २०६८ असार मसान्त | २०६९ असार मसान्त | २०६९ आश्विन मसान्त* |
| **पूँजी तथा दायित्व** | | | | |
| शेयर पूँजी | २,०२८,७७३.६० | २,०२९,७६९.४० | २,४३५,७२३.२८ | २,४३५,७२३.०० |
| जगेडा कोषहरु | १,८०५,४५२.३३ | २,५४२,२८६.८२ | ३,०२४,८००.८३ | ३,६०९,५५५.०० |
| नियन्त्रण नहुने स्वार्थ | - | २८,९१७.४१ | ३०,३३६.४९ | २८,४८१.०० |
| ऋणपत्र तथा बण्ड | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० |
| तिर्न बाँकी कर्जा सापट | ७४,९००.०० | १,६५०,५९९.१८ | ३११,०८०.०० | - |
| निक्षेप हिसाब | ४६,३४०,७००.६३ | ४९,६०८,३७६.३५ | ५४,९०५,६७६.२१ | ५९,४६७,२६९.०० |
| भुक्तानी दिनुपर्ने बिलहरू | ४२५,४४३.९१ | ४१५,७६७.७५ | १७९,१४२.३६ | - |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ४३४,७३७.२० | ६०८,९३०.८२ | ८११,९०७.७६ | - |
| आयकर दायित्व | २४,९०४.४१ | ४४,१०४.०७ | ५१,१०६.४९ | २४८,१५१.०० |
| अन्य दायित्व | ६४४,८१३.६३ | ८६८,४४२.९४ | १,२०७,५९९.०७ | ४,००४,५२२.०० |
| **जम्मा** | **५२,०७९,७२५.७०** | **५८,०९७,१९४.७४** | **६३,२५७,३७२.४८** | **७०,०९३,७०१.००** |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | | | |
| | **२०६७ असार मसान्त** | **२०६८ असार मसान्त** | **२०६९ असार मसान्त** | **२०६९ आश्विन मसान्त*** |
| नगद मौज्दात | ६३५,९८६.६० | ७४४,५९२.२६ | १,०५०,६६८.५० | ६,०४६,३४१.०० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५४९,४५४.६२ | १,४७३,९८६.४१ | ३,६८१,९८०.३३ | - |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २१४,६५६.५९ | २३९,९७०.९२ | (४३८,६०२.८३) | - |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३,११८,१४४.०० | २,४५२,५११.७८ | ८२६,४३५.६८ | ९७५,६२०.०० |
| लगानी | १३,६००,९१६.६१ | १३,००३,२०५.५३ | १४,०७६,८५०.०६ | १७,६७१,४१४.०० |
| कर्जा, सापट तथा बिल खरिद | ३२,२६८,८७३.२८ | ३८,०३४,०९७.५५ | ४१,६०५,६८२.६३ | ४२,४१७,१९०.०० |
| स्थिर सम्पत्ति | ७८१,४८०.४० | ९४१,२५७.८२ | ८९४,४९५.२९ | ८७७,२१०.०० |
| गैरबैंकिङ्ग सम्पत्ति | - | - | - | - |
| अन्य सम्पत्ति | ९१०,२१३.६० | १,२०७,५७२.४७ | १,५५९,८६२.८२ | २,१०५,९२६.०० |
| **जम्मा** | **५२,०७९,७२५.७०** | **५८,०९७,१९४.७४** | **६३,२५७,३७२.४८** | **७०,०९३,७०१.००** |

**ख. समष्टिकृत नाफा–नोक्सान हिसाव**

| | विवरण | वास्तविक (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०६६/६७ | आ.व. २०६७/६८ | आ.व. २०६८/६९ | आश्विन मसान्त आ.व. २०६९/७०* |
| १ | ब्याज आम्दानी | ४,०४९,७१४.१८ | ५,२५८,२६९.६३ | ६,१४५,७५०.८९ | १,४३७,८१० |
| २ | ब्याज खर्च | १,९६०,१०७.९० | २,९४६,६९१.२८ | ३,१५२,९४०.३५ | ६३२,४०७ |
| | **खुद ब्याज आम्दानी** | **२,०८९,६०६.२८** | **२,३११,५७८.३५** | **२,९९२,८१०.५३** | **८०५,४०४** |
| ३ | कमिशन तथा डिस्काउण्ट | २१५,४८१.५४ | २९०,८५५.०६ | ३६७,६७६.४० | ११९,१२१ |
| ४ | अन्य सञ्चालन आम्दानी | १८४,०२४.५१ | १८३,४४४.७६ | २०७,२९५.६३ | ४१,४०७ |
| ५ | सटही घटबढ आम्दानी | २७६,९६४.२५ | २७६,१०२.८० | ४४७,०७०.४९ | १०५,६७० |
| | **कुल सञ्चालन आम्दानी** | **२,७६६,०७६.५८** | **३,०६१,९८०.९६** | **४,०१४,८५३.०४** | **१,०७१,६०२** |
| ६ | कर्मचारी खर्च | ३६७,१६२.३८ | ४५५,६१६.१० | ५०५,००८.८९ | १४५,८३९ |
| ७ | अन्य सञ्चालन खर्च | ३३४,६६८.६८ | ४०३,९९२.५५ | ४३२,८८०.९९ | ११७,१२१ |
| ८ | सटही घटबढ नोक्सान | - | - | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा/नोक्सान** | **२,०६४,२४५.५२** | **२,२०२,३७२.३१** | **३,०७६,९६३.१६** | **८०८,६४१** |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ३५५,८२९.१२ | १०९,४७०.४१ | ४१३,९४८.६८ | १६३,२३७ |
| | **सञ्चालन मुनाफा** | **१,७०८,४१६.४१** | **२,०९२,९०१.८९** | **२,६६३,०१४.४८** | **६४५,४०४** |
| १० | गैरसञ्चालन आम्दानी/(खर्च) | ६,४५४.७२ | ६,९८१.०८ | ९,९३९.७५ | १,८४९ |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३९,७५५.३२ | ७,१०१.३७ | - | २८२,२४२ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **१,७५४,६२६.४५** | **२,१०६,९८४.३४** | **२,६७२,९५४.२३** | **९२९,४९५** |
| १२ | असामान्य कारोबारहरुबाट भएको मुनाफा/(नोक्सान) | ३४,३२१.८४ | ३,१४८.४८ | (३,०३६.७५) | १२३ |
| | **सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा** | **१,७८८,९४८.२९** | **२,११०,१३२.८२** | **२,६६९,९१७.४८** | **९२९,६१८** |
| १३ | कर्मचारी बोनस व्यवस्था | १६२,५१८.२८ | १९२,००७.७१ | २४३,०७४.३२ | ८४ ५,१११ |
| १४ | आयकर व्यवस्था | ४८५,९०७.१८ | ५७२,३९४.४१ | ७२३,६९८.४४ | २५२,८२७ |
| | यस वर्षको | ४७२,८२३.३९ | ५७०,९३३.६३ | ७३१,९०४.९८ | - |
| | गत वर्षको | ८३१.९४ | २१२.३६ | - | - |
| | यस वर्षको स्थगन कर आम्दानी/खर्च | १२,२५१.८६ | १,२४८.४२ | (८,२०६.५४) | - |
| १५ | सहायक कम्पनी मुनाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा | - | १,५५१.२७ | २,७६९.०७ | ८४५ |
| | **खुद नाफा/(नोक्सान)** | **१,१४०,५२२.८३** | **१,३४४,१७९.४२** | **१,७००,३७५.६५** | **५९१,४३६** |

**ग. समष्टिकृत नाफा नोक्सान बाँडफाँट हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | **आ.व.२०६६/६७** | **आ.व.२०६७/६८** | **आ.व.२०६८/६९** |
| **आम्दानी** | | | |
| गत वर्षसम्मको सञ्चित मुनाफा | १०४,३९४.१७ | ३,७८२.०६ | ४९८,९३३.१० |
| यस वर्षको मुनाफा | १,१४०,५२२.८३ | १,३४४,१७९.४२ | १,७००,३७५.६५ |
| सटही घटबढ कोष | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - |



| | | | |
|---|---|---|---|
| स्थगन कर कोष | १२,२५१.८६ | १,१८७.९९ | - |
| लगानी समायोजन कोष | - | - | - |
| लाभांश समीकरण कोष | - | १००,०००.०० | - |
| भैपरी आउने कोष | - | - | २२६.४३ |
| **जम्मा** | **१,२५७,१६८.८६** | **१,४४९,१४९.४७** | **२,१९९,५३५.१८** |
| **खर्च** | | | |
| गत वर्षसम्मको सञ्चित नोक्सान | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - |
| साधारण जगेडा कोष | २२८,०००.०० | २६८,०००.०० | ३४०,०००.०० |
| भैपरी आउने जगेडा कोष | १,०००.०० | १,०००.०० | १,०००.०० |
| संस्था विकास कोष | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - |
| प्रस्तावित नगद लाभांश | ४३४,७३७.२० | ६०८,९३०.८२ | ८११,९०७.७६ |
| प्रस्तावित बोनस शेयर जारी | ५७९,६४९.६० | - | ४०५,९५३.८८ |
| विशेष जगेडा कोष | - | - | - |
| सटही घटबढ कोष | ६,०००.०० | १६,१००.०० | २८,८००.०० |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - |
| स्थगन कर कोष | - | - | ८,१९३.१३ |
| लगानी समायोजन कोष | ४,०००.०० | ५५,८१९.४० | ३४,२११.७६ |
| सहायक कम्पनीको मुनाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा | - | ३६६.१४ | - |
| **जम्मा** | **१,२५३,३८६.८०** | **९५०,२१६.३७** | **१,६३०,०६६.५३** |
| **सञ्चित मुनाफा/नोक्सान** | **३,७८२.०६** | **४९८,९३३.१०** | **५६९,४६८.६५** |

घ. समष्टिकृत नगद प्रवाह विवरण

| | विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | आ.व.२०६६/६७ | आ.व.२०६७/६८ | आ.व.२०६८/६९ |
| (क) | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | **(१,४०३,९४७.८५)** | **१,७०४,८८१.०९** | **३,५११,१८२.०१** |
| १ | **नगद प्रप्ति** | **४,६१९,७००.२७** | **५,९१४,९२७.५७** | **६,९६७,६६८.३०** |
| १.१ | व्याज आम्दानी | ३,९०८,७६८.४९ | ५,१०२,१०७.७१ | ५,८७३,६९३.१३ |
| १.२ | कमिशन तथा डिष्काउन्ट आम्दानी | २१५,४८१.५४ | ३३४,८७८.४८ | ४१९,२३६.९२ |
| १.३ | विदेशी बिनिमय कारोवारबाट आम्दानी | २९१,४४०.७६ | २७६,१०२.८० | ४४७,०७०.४९ |
| १.४ | अपलेखित कर्जाको असुली | ३४,४६१.४८ | १८,३९३.८२ | १६,७७०.९६ |
| १.५ | अन्य आम्दानी | १६९,५४८.०१ | १८३,४४४.७६ | २१०,८९६.८१ |
| २ | **नगद भुक्तानी** | **(३,११०,४२४.२९)** | **(४,२३६,३३१.००)** | **(४,७०९,१९२.६४)** |
| २.१ | ब्याज खर्च | (१,९६१,९६५.८३) | (२,९४१,८९०.९१) | (३,१५४,५४२.६६) |
| २.२ | कर्मचारी खर्च | (३६६,८१७.४२) | (४४१,९०१.६०) | (५०८,५६९.५२) |
| २.३ | कार्यालय सञ्चालन खर्च | (२५२,५१८.०४) | (२९०,२५४.१८) | (३०४,३०३.०५) |
| २.४ | आयकर भुक्तानी | (५२८,९८३.३७) | (५५६,३९९.६०) | (७२४,९७६.१९) |
| २.५ | अन्य खर्च | (१३९.६३) | (५,८८४.७१) | (१६,८०१.२२) |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | **१,५०९,२७५.९८** | **१,६७८,५९६.५७** | **२,२५८,४७५.६७** |
| | **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(बृद्धि)** | **(१०,२६९,४२४.९७)** | **(४,७३६,६४२.१४)** | **(२,४१२,११७.१३)** |
| १ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (२,५६५,२५५.७०) | ६६५,६३२.२२ | १,६२६,०७६.१० |
| २ | अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | (२,६०७,४५३.९५) | ८०१,३११.५३ | १७३,९४४.३४ |
| ३ | कर्जा तथा विल्स खरिदमा कमी/(बृद्धि) | (५,०३१,९५६.६२) | (५,८८३,८७९.८४) | (३,९६५,२८६.४०) |
| ४ | अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (६४,७५८.७०) | (३१९,७०६.०६) | (२४६,८५१.१८) |
| | **सञ्चालन सम्बन्धी चालु दायित्वमा बृद्धि/(कमी)** | **७,३५६,२०१.१४** | **४,७६२,९२६.६६** | **३,६६४,८२३.४७** |
| १ | निक्षेप दायित्वमा बृद्धि/(कमी) | ९,०६२,४४४.७९ | ३,१९७,६७५.७२ | ५,२२१,८९९.८६ |
| २ | सर्टिफिकेट अफ डिपोजिटमा बृद्धि/(कमी) | - | - | - |
| ३ | अल्पकालीन सापटीमा बृद्धि/(कमी) | (१,६०६,४०५.००) | १,५७५,६९९.१८ | (१,३१५,५१९.१८) |
| ४ | अन्य दायित्वमा बृद्धि/(कमी) | (९९,८३८.६५) | (१०,४४८.२३) | (२४१,५५७.२१) |
| (ख) | **लगानी कारोबारमा नगद प्रवाह** | **(२५०,१९८.८६)** | **(१९६,९३३.८४)** | **(१,०७३,१०४.५१)** |
| १ | दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | (२००,१०९.३४) | (९४,५६६.९९) | (१,१९५,४४२.७३) |
| २ | स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | (२०४,०१०.०६) | (२७८,४४३.१८) | (८८,२४७.०२) |
| ३ | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | १४६,०९७.८१ | १६५,२४६.९४ | १९७,६७०.८७ |
| ४ | लाभांश आम्दानी | ७,८२२.७३ | १०,८२९.३९ | १२,९१४.३६ |
| ५ | अन्य | - | - | - |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **(३१८,२६७.९६)** | **(४४९,४९५.४७)** | **(६०२,५८१.०८)** |
| १ | दीर्घकालीन ऋण (बण्ड, डिबेन्चर आदि) मा बृद्धि/(कमी) | - | - | - |
| २ | शेयर पूँजीमा (बृद्धि/(कमी) | - | ९९५.८० | - |
| ३ | अन्य दायित्वमा (बृद्धि/(कमी) | - | - | - |
| ४ | नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - | - | - |
| ५ | लाभांश खर्च | (३१८,२६७.९६) | (४५०,४९१.२७) | (६०२,५८१.०८) |
| (घ) | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - | - | - |
| (ङ) | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(१,९७२,४१४.६७)** | **१,०५८,४५१.७९** | **१,८३५,४९६.४२** |
| (च) | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **३,३७२,५१२.४७** | **१,४००,०९७.८०** | **२,४५८,५४९.५९** |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,४००,०९७.८०** | **२,४५८,५४९.५९** | **४,२९४,०४६.०१** |



ङ. विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०६६/६७ | आ.व. २०६७/६८ | आ.व. २०६८/६९ |
| चुक्ता पूँजी | १,४४९,१२४.०० | २,०२९,७६९.४० | २,०२९,७६९.०० |
| जगेडा तथा कोष | १,८०५,४५२.३३ | २,५४२,२८६.८२ | ३,०२४,८००.८३ |
| प्रस्तावित बोनस शेयर | ५७९,६४९.६० | - | ४०५,९५४.०० |
| **जम्मा नेटवर्थ** | **३,८३४,२२५.९३** | **४,५७२,०५६.२२** | **५,४६०,५२३.८३** |
| शेयर सङ्ख्या (हजारमा) | १४,४९१.२४ | २०,२९७.६९ | २०,२९७.६९ |
| प्रति शेयर नेटवर्थ (रु). | २६५ .०० | २२५.०० | २६९ .०० |
| नेटवर्थमा प्रतिफल (%) | २९.७४% | २९.४०% | ३१.१४% |
| प्रति शेयर आम्दानी (EPS) | ८३.८१ | ७०.६७ | ८३.५७ |

* २०६९ साल आश्विन मसान्तको अपरिष्कृत तर व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण ।

## ६. योजना व्यवस्थापकसम्बन्धी विवरण

### ६.१ योजना व्यवस्थापकको परिचय

**(क) योजना व्यवस्थापकको नाम**

श्री नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड

**(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण**

योजना व्यवस्थापक कम्पनीः श्री नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।

**(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं: ७, चावहिल ।

**(घ) योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास**

नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी : मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान

गर्दै आइरहेको छ। साथै यस कम्पनीले मिति २०६९/०५/२७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमतिसमेत प्राप्त गरेको छ।

**(ङ) योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु**

प्रबन्धपत्रमा उल्लेख भएबमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने।

## ६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

**(क) व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरुसमेत सञ्चालनमा ल्याउनेछ। बोर्डको अनुमति लिई धितोपत्रसम्बन्धी अन्य व्यवसायहरु गर्ने कम्पनीको योजना रहेको छ। कम्पनीले समय सापेक्ष आफनो प्रविधि सुधार गरी नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा इन्भेष्टमेन्ट बैंकिंग क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :**

नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो। यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन्। यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ। कम्पनी आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ।



## ६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्वसम्बन्धी व्यवस्था

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

| क्र. सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | क समूहका शेयरधनी श्री नबिल बैंक लिमिटेडबाट प्रतिनिधि | २ जना |
| २ | ख समूहका शेयरधनी श्री सि.जि.फिन्को प्रा. लि. बाट प्रतिनिधि | १ जना |
| ३ | स्वतन्त्र व्यवसायिक सञ्चालक | २ जना |
| | **जम्मा** | **५ जना** |

क र ख समूहको हकमा सम्बन्धित संस्थाहरुबाट मनोनित हुने र स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिले गर्ने प्रावधान रहेको छ।

## ६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी

**(क) अधिकृत पूँजी** :रु.२०,००,००,००० ।- (अक्षरेपी बीस करोड)
**(ख) जारी पूँजी :** रु. १५,००,००,००० ।- (अक्षरेपी पन्ध्र करोड)
**(ग) चुक्ता पूँजी :** रु. १०,५०,००,०००।- (अक्षरेपी दश करोड पचास लाख) रहेको छ।

## ६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी

**(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :**

| क्र.सं. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री नबिल बैंक लिमिटेड | तीनधारा, काठमाडौँ | नेपाली | ७४.२९% | लागू नहुने | बैंकिंग क्षेत्रमा २८ भन्दा बढी देखि सेवा दिइरहेको नेपालको एक अग्रणी क बर्गको इजाजतप्राप्त बैंक |

**द्रष्टव्य:** योजना व्यवस्थापक कम्पनीमा बाँकी २५.७१ प्रतिशत शेयर स्वामित्व श्री सि.जी.फिन्को प्रा.लि.को रहेको।

**(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव**

| क्र. सं. | नाम | पद | उमेर (वर्ष) | ठेगाना | राष्ट्रियता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अनिल ज्ञवाली (नबिल बैंक लि. को तर्फबाट) | अध्यक्ष | ५२ | वडा नं. १, काठमाडौँ | नेपाली | एम.बि.ए | बैंकिंग तथा वित्तीय क्षेत्रमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गरी २८ वर्षभन्दा बढीको अनुभव |
| २ | श्री सविन जोशी (सि.जी.फिन्को.प्रा.लि को तर्फबाट) | सञ्चालक | २९ | वडा नं. ३२, काठमाडौँ | नेपाली | एम.बि.ए | बैंकिंग तथा वित्तीय क्षेत्रमा १० वर्षभन्दा बढीको अनुभव |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | डा. रेवत बहादुर कार्की (स्वतन्त्र व्यवसायिक सञ्चालक) | सञ्चालक | ६० | वडा नं. ४, काठमाडौं | नेपाली | पिएच.डि (अर्थशास्त्र) एम.ए. (अर्थशास्त्र) बि.एल. | - बैंकिंग, वित्तीय तथा आर्थिक क्षेत्रमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गरी ३० वर्षभन्दा बढीको अनुभव<br>- पूर्वमहाप्रवन्धक, नेपाल स्टक एक्सचेन्ज लि. |

**द्रष्टव्य** : संस्थापक शेयरधनी श्री नबिल बैंक लि. को तर्फबाट एक जना र स्वतन्त्र व्यवसायिक सञ्चालकको तर्फबाट एक जना गरी जम्मा दुई जना सञ्चालकहरुको प्रतिनिधित्व हुन बाँकी रहेको ।

### (ग) संस्थापकहरु कुनै कम्पनी/ सस्था भएमा त्यस्तो कम्पनी/ संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

| सि. नं. | संस्थापक कम्पनीको नाम तथा ठेगाना | व्यवसाय | सञ्चालकहरुको | | |
|---|---|---|---|---|---|
| | | | नाम | पद | ठेगाना |
| १. | श्री नबिल बैंक लि, नबिल सेन्टर, बीना मार्ग, दरबारमार्ग, काठमाडौं | बैंकिंग | श्री कृष्ण बहादुर मानन्धर | अध्यक्ष | वडा नं. १०, काठमाडौं |
| | | | श्री शम्भु प्रसाद पौडेल | सञ्चालक | वडा नं. ३, काठमाडौं |
| | | | श्री दयाराम गोपाल अग्रवाल | सञ्चालक | वडा नं. १४, काठमाडौं |
| | | | श्री कृष्ण प्रसाद आचार्य | सञ्चालक | वडा नं. ६, काठमाडौं |
| | | | श्री निर्वाण कुमार चौधरी | सञ्चालक | सानेपा, ललितपुर |
| | | | श्री मोहिउद्दिन अहमद | सञ्चालक | बंगलादेश |
| | | | श्री आशिष शर्मा | सञ्चालक | त्रिपुरेश्वर, काठमाडौं |

### (घ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना

| क्र. सं. | सञ्चालकको नाम | आवद्ध अन्य सस्थाको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री अनिल ज्ञवाली | नबिल बैंक लिमिटेड, काठमाडौं , नेपाल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सविन जोशी | सि.जि.फिन्को.प्रा.लि, सानेपा, ललितपुर | महाप्रवन्धक Corporate Planning & Investment |
| ३ | डा. रेवत बहादुर कार्की | - सामना बैंकिंग पुरस्कार गुठी<br>- नेपाल राष्ट्र बैंक पुर्व कर्मचारी संघ | संस्थापक तथा अध्यक्ष<br>अध्यक्ष |

### (ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

सञ्चालकहरुलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धमा नियमावलीको नियम ३१ मा देहाय अनुसारको व्यवस्था रहेको छ :

(१) सञ्चालक समिति वा अन्य उपसमितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक प्रत्येक सञ्चालक तथा आमन्त्रितलाई रू १०,०००/– भत्ता प्रदान गरिनेछ। तर त्यस्ता आमन्त्रित व्यक्ति कम्पनीका कर्मचारी भएमा निजलाई सो भत्ता प्रदान गरिने छैन।



(२) कम्पनीको कामको सिलसिलामा देशभित्र वा बिदेश भ्रमणमा जाँदा देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिईनेछ :

(क) प्रथम श्रेणीको यतायात सुविधा बिलबमोजिम

(ख) आवास तथा भोजनको निमित्त ५ तारे होटलको बिलबमोजिम

(ग) दैनिक भत्ता :

च नेपालभित्र ने.रु ३,०००/–

च भारतभित्र भा.रु ३,०००/–

च भारतबाहेक अन्य सार्क मुलुकहरुमा अमेरिकी डलर १५० बराबर

च बाँकी अन्य मुलुकहरुमा दैनिक अमेरिकी डलर २००"

**नोट:** क तथा ख बर्गको संस्थाको प्रतिनिधित्व गर्नुहुने सञ्चालकहरुले हालसम्म बैठक भत्ता लिनुभएको छैन। कम्पनीको सञ्चालक समितिका पदाधिकारीहरुलाई अन्य कुनै प्रकारको सुविधा प्रदान गर्ने गरिएको छैन।

## ६.६ योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी

### (क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण

| क्र. सं. | नाम | पद | उमेर (वर्ष) | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|
| १ | श्री प्रविण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत | ३२ | एम.बि.ए | - नबिल बैंक लि. मा प्रमुख, मर्चेन्ट बैंकिंग र नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा कार्यकारी प्रमुखको रुपमा ३ वर्षभन्दा बढीको इन्भेष्टमेन्ट बैंकिंगलगायत अन्य अनुभव<br>- एनएमबि बैंकमा अधिकृत तथा प्रमुख, मर्चेन्ट बैंकिंगको रुपमा करिब ६ वर्षको मर्चेन्ट बैंकिंग अनुभव<br>- चौधरी ग्रुपको वित्तीय सेवा र लगानी विभागमा लगानी परामर्शदाताको रुपमा २ वर्षको कार्यानुभव |
| २ | श्री मनिष नारायण जोशी | प्रमुख - कर्पोरेट फाइनान्स तथा रिसर्च | ३१ | एम.बि.ए | - नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा प्रमुख कर्पोरेट फाइनान्स तथा रिसर्चको रुपमा लगानी व्यवस्थापन तथा रिसर्च क्षेत्रको करिब २ वर्षको अनुभव<br>- Infinity Multipurpose प्रा.लि.मा परामर्शदाताको रुपमा २ वर्षको कार्यानुभव<br>- सनराईज बैंक लि. मा कर्जा अधिकृतको रुपमा २ वर्षको बैंकिंग अनुभव<br>- Prescio Consulting LLC, USA मा वित्त विश्लेषकको रुपमा २ वर्षको कार्यानुभव |
| ३ | श्री सुमन कुमार बोहरा | प्रमुख- लेखा तथा प्रशासन | ३३ | सी.ए./ एम.बि.एस | - नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा लेखा तथा प्रशासन प्रमुखको रुपमा २ वर्षको कार्यानुभव<br>- राष्ट्रिय वाणिज्य बैंकमा अधिकृत (तह ८) को वित्त विभागको १ वर्षको कार्यानुभव<br>- सूर्य नेपालमा सहायक प्रबन्धकको रुपमा लेखा र खरिद व्यवस्थापनमा २ वर्षको कार्यानुभव<br>- ALCOA सि.एस.आई नेपालमा लेखा र खरिद व्यवस्थापनमा करिब २ वर्षको कार्यानुभव |

### (ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिकसम्बन्धी विवरण

| क्र. सं. | नाम | पद | श्रावण १, २०६८ देखि आषाढ मसान्त, २०६९ को एक आर्थिक वर्षको तलब तथा भत्ता (रू.) |
|---|---|---|---|
| १ | श्री प्रविण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत | १८,७१,५५८.८४ |
| २ | श्री मनिष नारायण जोशी | प्रमुख - कर्पोरेट फाइनान्स तथा रिसर्च | ९,८३,१८२.७८ |
| ३ | श्री सुमन कुमार बोहरा | प्रमुख- लेखा तथा प्रशासन | ७,१६,२०३.९७ |

## ६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण :

### क. वासलात

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | |
|---|---|---|---|---|
| | २०६७ असार मसान्त | २०६८ असार मसान्त | २०६९ असार मसान्त | २०७० आश्विन मसान्त* |
| शेयर पूँजी | ७०,०००.०० | १,०५,०००.०० | १,०५,०००.०० | १,०५,०००.०० |
| जगेडा कोषहरु | (५२८.६०) | ७,४५६.६१ | १२,९७५.२२ | ५,७५९.९४ |
| अन्य दायित्व तथा व्यवस्था | २,६४५.४३ | ९,०३७.३१ | १,३५,११८.०५ | ४९,८१०.५७ |
| **जम्मा** | ७२,११६.८४ | १,२१,४९३.९२ | २,५३,०९३.२७ | १,६०,५७०.५१ |
| **सम्पत्ति** | **२०६७ असार मसान्त** | **२०६८ असार मसान्त** | **२०६९असार मसान्त** | **२०७० आश्विन मसान्त*** |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ७०,०००.०० | २६,३३६.५९ | १,२८,२४३.०० | ३०,८९३.९६ |
| स्थिर सम्पत्ति | १,९४०.६४ | ६,१६९.१५ | ६,९५२.०२ | ६,८४५.२४ |
| लगानी | – | ८३,४००.०० | १,०७,०००.०० | १,०७,०००.०० |
| अन्य सम्पत्ति | १७६.२० | ५,५८८.१८ | १०,८९८.२६ | १५,८३१.३२ |
| **जम्मा** | ७२,११६.८४ | १,२१,४९३.९२ | २,५३,०९३.२७ | १,६०,५७०.५१ |

### ख. नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | |
|---|---|---|---|---|
| | आ.व. २०६६/६७ | आ.व. २०६७/६८ | आ.व. २०६८/६९ | आश्विन मसान्त आ.व. २०६९/७०* |
| **आम्दानी** | | | | |
| कमिशन आम्दानी | – | ३०५.२२ | ३,६०१.१८ | ३,१९२.७९ |
| ब्याज आम्दानी | – | १२,९७८.६४ | १४,६३२.९३ | ३,५१५.५१ |
| अन्य आम्दानी | – | ६,१९६.०१ | १०,२८७.९६ | २,८१७.२८ |
| **जम्मा आम्दानी** | – | १,९४,७९.८७ | २८,५२२.०७ | ९,५२५.५८ |
| **खर्च** | | | | |
| कर्मचारी खर्च | २२२.३३ | १,५७४.२१ | ४,२९६.०५ | १,३०२.४५ |
| साधारण सञ्चालन खर्च | ४८२.४७ | ४,९२६.६८ | ६,६४६.९९ | २,३९३.०६ |
| रासकट्टी खर्च | – | १,२६७.३४ | १,७१४.०५ | ४६२.१२ |
| ब्याज खर्च | – | – | ७१.०१ | ५५०.३६ |
| **जम्मा खर्च** | ७०४.८० | ७,७६८.२३ | १२,७२८.१० | ४,७०८.०० |
| **सञ्चालन मुनाफा** | (७०४.८०) | ११,७११.६४ | १५,७९३.९७ | ४,८१७.५८ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | (७०४.८०) | ११,७११.६४ | १५,७९३.९७ | ४,८१७.५८ |
| कर्मचारी बोनस व्यवस्था | – | १,०६४.६९ | १,४३५.८२ | ४३७.९६ |
| **कर अगाडिको नाफा** | (७०४.८०) | १०,६४६.९४ | १४,३५८.१५ | ४,३७९.६२ |
| **आयकर व्यवस्था** | (१७६.२०) | २,६६१.७४ | ३,५८९.५४ | १,०९४.९१ |
| यस वर्षको | – | २,४२५.११ | ३,६०२.९५ | - |
| स्थगन कर | (१७६.२०) | २३६.६३ | (१३.४१) | - |
| **खुद नाफा/(नोक्सान)** | (५२८.६०) | ७,९८५.२१ | १०,७६८.६१ | ३,२८४.७२ |

### ग. नाफा नोक्सान बाँडफाँट हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ |
| **आम्दानी** | | | |
| गत वर्षसम्मको सञ्चित मुनाफा | – | – | ७,४५६.६१ |
| यस वर्षको मुनाफा | – | ७,९८५.२१ | १०,७६८.६१ |
| स्थगन कर कोष | - | १७६.२० | - |
| **जम्मा** | - | ८,१६१.४१ | १८,२२५.२२ |
| **खर्च** | – | – | – |
| गत वर्षसम्मको सञ्चित नोक्सान | – | ७०४.८० | – |
| यस वर्षको नोक्सान | ५२८.६० | - | - |
| स्थगन कर कोष | १७६.२० | - | - |
| लाभांश भुक्तानी | - | - | ५,२५०.०० |
| **जम्मा** | ७०४.८० | ७०४.८० | ५,२५०.०० |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (७०४.८०) | ७,४५६.६१ | १२,९७५.२२ |

## घ. नगद प्रवाह विवरण

| विवरण | | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | आ.व.२०६६/६७ | आ.व.२०६७/६८ | आ.व.२०६८/६९ |
| (क) | **कारोवार संचालनबाट नगद प्रवाह** | १,९४०.६४ | १०,२३२.५० | १,२९,७३२.५६ |
| १ | **नगद प्राप्ति** | – | १९,४७९.८७ | २५,००१.३२ |
| १.१ | मर्चेन्ट बैंकिंगबाट आम्दानी | – | ३०५.२२ | ३,६०१.१८ |
| १.२ | ब्याजआम्दानी | – | १२,९७८.६४ | ११,११२.१७ |
| १.३ | अन्यआम्दानी | – | ६,१९६.०१ | १०,२८७.९६ |
| २ | **नगद भुक्तानी** | (७०४.८०) | (१०,९५४.१६) | (१४,६९०.६३) |
| २.१ | कर्मचारी खर्च | (२२२.३३) | (१,५७४.२१) | (४,२९६.०५) |
| २.२ | कार्यालय संचालन खर्च | (४८२.४७) | (४,९२६.६८) | (६,६४६.९९) |
| २.३ | ब्याज खर्च | – | – | (७१.०१) |
| २.४ | आयकर भुक्तान | – | (४,४५३.२८) | (३,६७६.५७) |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | (७०४.८०) | ८,५२५.७१ | १०,३१०.६९ |
| | **संचालनसम्बन्धी चालु सम्पत्तिमा बृद्धि/(कमी)** | – | (३,५६०.०१) | (५,२३६.४९) |
| १ | लगानीमा बृद्धि/(कमी) | – | – | – |
| २ | अन्य सम्पत्तिमा कमी/(बृद्धि) | – | (३,५६०.०१) | (५,२३६.४९) |
| **संचालनसम्बन्धी चालु दायित्वमा बृद्धि/(कमी)** | | २६४५.४३ | ५,२६६.७५ | १,२४,६५८.३३ |
| १ | सापटमा बृद्धि/(कमी) | – | – | २४,०००.०० |
| २ | अन्य दायित्वमा बृद्धि/(कमी) | २,६४५.४३ | ५,२६६.७५ | १००,६५८.३३ |
| (ख) | **लगानी कारोबारमा नगद प्रवाह** | (१,९४०.६४) | (८८,८९५.८५) | (२२,५७६.१७) |
| १ | भुक्तानी मितिसम्म धारण गर्ने लगानीमा बृद्धि/(कमी) | – | (८३,४००.००) | (२३,६००.००) |
| २ | स्थीर सम्पत्तीमा बृद्धि/(कमी) | (१,९४०.६४) | (५,४९५.८५) | (२,४९६.९२) |
| ३ | दीर्घकालीन लगानीबाट व्याज आम्दानी | – | – | ३,५२०.७५ |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | ७०,०००.०० | ३५,०००.०० | (५,२५०.००) |
| १ | शेयर पूँजीमा बृद्धि/(कमी) | ७०,०००.०० | ३५,०००.०० | – |
| २ | लाभांश | – | – | (५,२५०.००) |
| घ) | **नगद तथा बैंक मौज्दातको बिनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | – | – | – |
| (ङ) | **यस बर्षको सम्पूर्ण गतिविधिबाट नगदप्रवाह** | ७०,०००.०० | (४३,६६३.४१) | १,०१,९०६.४१ |
| (च) | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | – | ७०,०००.०० | २६,३३६.५९ |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ७०,०००.०० | २६,३३६.५९ | १,२८,२४३.०० |

* आ.व.२०६९/७० आश्विन मसान्तको अपरिष्कृत तर व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण ।

### ६.८ योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था

योजना व्यवस्थापकले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट निर्धारित Nepal Accounting Standard (NAS) अनुरुपको लेखा नीति पालना गरेको छ ।

### ६.९ योजना व्यवस्थापकको लेखापरीक्षको नाम तथा ठेगाना

श्री सुजन काफ्ले एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, न्यूप्लाजा, पुतलीसडक, काठमाडौं ।

### ६.१० योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण

सो नभएको ।



### ६.११ यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण

नबिल म्यूचुअल फण्डअन्तर्गत यसअघि कुनै योजना सञ्चालनमा आएको छैन ।

### ६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत

रेटिङ्ग नभएको ।

## ७. कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण

### ७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता

| क्र.सं. | नाम | ठेगाना | उमेर | योग्यता |
|---|---|---|---|---|
| १ | प्राध्यापक पवन कुमार ओझा | १९०/५४, स्लेषमान्तक मार्ग, सिनामंगल, काठमाडौं ९ | ६४ | • एलएल.एम. (पूणे विश्वविद्यालय, भारत) |
| २ | प्राध्यापक डा. विजय कुमार के.सी. | ५/९६ बिक्रम भवन, मानभवन, ललितपुर | ६३ | • पिएच.डि (एफ.एम.एस., दिल्ली विश्वविद्यालय, भारत)<br>• एम.बि.ए. (टेम्पल विश्वविद्यालय, फिलाडेलफिया, संयुक्त राज्य अमेरिका)<br>• एम.कम. (त्रिभुवन विश्वविद्यालय, नेपाल) |
| ३ | सि.ए. पुष्प लाल श्रेष्ठ | ११३/१९ सुरुङ्ग मार्ग, माहाराजगञ्ज, काठमाडौं ३ | ६९ | • बि. कम., चार्टर्ड एकाउण्टेण्ट |
| ४ | डा. रमेश कुमार भट्टराई | १७१/३२ गौतमबुद्ध मार्ग, अनामनगर, काठमाडौं | ५५ | • पिएच.डि (एफ.एम.एस., दिल्ली विश्वविद्यालय, भारत)<br>• एम.बि.ए.सि. (त्रिभुवन विश्वविद्यालय, नेपाल) |
| ५ | श्री विनोद बाबु काफ्ले | आनन्द बस्ती, इमाडोल गा.वि.स, वडा नं. ९ (घ), हात्तिबन, ललितपुर | ५९ | • स्नातकोत्तर, अर्थशास्त्र (त्रिभुवन विश्वविद्यालय, नेपाल)<br>• स्नातक, कानून (त्रिभुवन विश्वविद्यालय, नेपाल) |

### ७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी

| क्र. सं. | नाम | व्यवसायिक अनुभव | मुख्य पेशा/व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | प्राध्यापक पवन कुमार ओझा | पूर्वमहा-न्यायाधिवक्ता, कानुन व्यवसायमा ३८ वर्षभन्दा बढीको अनुभव र हाल वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत | कानुन व्यवसाय | कानुन सेवासँग सम्बन्धित |
| २ | प्राध्यापक डा. विजय कुमार के.सी. | शिक्षाविद, शिक्षण तथा अनुसन्धानमा ४० वर्षभन्दा बढीको अनुभव | शिक्षण | प्रोफेसर एवं डिन, साउथ एशियन इन्स्टीच्यूट अफ मेनेजमेन्ट |
| ३ | सि.ए. पुष्प लाल श्रेष्ठ | ४० वर्षभन्दा बढीको व्यावसायिक अनुभव | चार्टर्ड एकाउन्टेन्सी | पार्टनर, पि.एल.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् |

| | | | | |
|---|---|---|---|---|
| ४ | डा. रमेश कुमार भट्टराई | पूर्वप्रमुख प्रशासक (प्रमुख कार्यकारी अधिकृत), कर्मचारी सञ्चय कोष, कर्मचारी सञ्चय कोषमा २८ वर्षभन्दा बढीको संलग्नता तथा क वर्गका वित्तीय संस्थाहरुको सञ्चालकको रुपमा १० वर्षभन्दा बढीको अनुभव | व्यवस्थापनविद | व्यवस्थापन परामर्शदाता |
| ५ | श्री विनोद बाबु काफ्ले | पूर्वसञ्चालक, नेपाल धितोपत्र बोर्ड, निजामती सेवामा ३० वर्षभन्दा बढीको अनुभव | अर्थशास्त्री | परामर्शदाता |

## ७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी सहमतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौताबमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ती मूल्यको जाँच गर्ने, योजना अर्न्तगतका सम्पत्ती तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजनाबमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजनासम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापनसम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ।

## ७.४ कोष प्रबर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु

(१) कोष प्रबर्द्धक तथा कोष सुपरिवेक्षकले नियमावलीको अधीनमा रही व्यावसायिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्ने ।

(२) कोष सुपरिवेक्षकको प्रशासनिकलगायत अन्य कार्यका लागि कोष प्रबर्द्धकको सचिवालय उपलब्ध हुने ।

(३) कोष सुपरिवेक्षकको बैठकका लागि कोष प्रबर्द्धकले आफ्नो कार्यालयमा बैठक कक्ष उपलब्ध गराउने ।

(४) प्रत्येक योजनाको निमित्त कोष सुपरिवेक्षकको मासिक कम्तिमा एउटा बैठक तोकिएको कार्यविधिअनुसार बस्नुपर्ने। सो बैठकमा यथासम्भव प्रत्येक सुपरिवेक्षकहरुको उपस्थिति हुनुपर्ने। यदि कोष सुपरिवेक्षक कुनै बैठकमा उपस्थित हुन नसक्ने अवस्था आएमा



सुपरिवेक्षकबाट सोको जानकारी सभाअघिनै कोष सुपरिवेक्षकहरुमध्येबाट चुनिएको संयोजकलाई पूर्वजानकारी दिनुपर्ने वा संयोजकको पूर्वस्वीकृति लिनुपर्ने ।

(५) कोष सुपरिवेक्षकले आँफू आवद्ध भएका अन्य कम्पनी, संस्था, वित्तीय मध्यस्त वा अन्य कुनै पनि संस्थासँग नबिल म्यूचुअल फण्डसम्बन्धी विषयमा निकट सम्बन्ध कायम नगर्ने ।

(६) कोष सुपरिवेक्षकले आफ्नो स्वार्थ रहेको विषयको छलफलमा बैठकमा सहभागिता नजनाउने ।

(७) कोष सुपरिवेक्षकले कोष प्रवर्द्धकलाई आफ्नो स्वार्थ बाझिने कुनै पनि कम्पनी (नबिल बैंक तथा सोको सहायक कम्पनी सहित) को बारेमा पूर्व जानकारी गराउनुपर्ने ।

(८) कोष सुपरिवेक्षकले हरेक योजनालाई सुपरिवेक्षण गरे वापत योजनाको खुद सम्पत्ति मूल्यको अधिकतम ०.५०% सेवा शुल्क अर्ध वार्षिक रुपमा नियमावलीमा भएको व्यवस्थाबमोजिम प्राप्त गर्ने र सो प्राप्त शुल्कको ५% रकम कोष सुपरिवेक्षकले बोर्डमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र जम्मा गर्नुपर्ने ।

(९) सम्झौताको अवधि पाँच वर्षको रहेको र एक पक्षले अर्को पक्षलाई तोकिएको समयावधिभन्दा पहिले सम्झौता खारेज गर्न ३० दिनको पूर्व जानकारी नगराएमा सम्झौता थप पाँच वर्षका लागि कायम रहने ।

(१०) कोष सुपरिवेक्षकले ३० दिनको पूर्व लिखित जानकारी कोष प्रबर्द्धकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।

(११) कोष प्रबर्द्धकले सम्झौता रद्द गर्नुको कारण (सम्झौता अनुरुप कार्य नगरेको वा प्रचलित कानुन विपरित कार्य गरेको) खुलाई ३० दिनको पूर्व लिखित जानकारी कोष सुपरिवेक्षकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।

(१२) दुबै पक्षले योजनासँग सम्वद्ध सूचना तथा जानकारीको गोपनीयता प्रचलित नियम कानुनले माग गरेबमोजिम कायम राख्नुपर्ने ।

(१३) कुनै पक्षले सम्झौताको पालना नगरेमा बोर्डले सोको पालना गराउन सक्ने ।

(१४) सम्झौतामा उल्लेखित विषयहरुमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट समाधान गरिने र आपसी समझदारीबाट समेत विवादको समाधान हुन नसक्ने अवस्था सृजना भएमा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने ।

(१५) सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्वस्वीकृति लिएरमात्र दुवै पक्षको आपसी समझदारीमा संशोधन हुन सक्ने ।

## ८ योजना सम्बन्धी जानकारी

### ८.१ योजना सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| (क) | क | योजनाको नाम | **नबिल ब्यालेन्सड् फण्ड ( १** (Nabil Balanced Fund-I) |
| | ख | योजनाको आकार | रु. ६०,००,००,०००।- (साठ्ठी करोड) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| (ख) | क | निष्काशन गर्न लागिएको इकाई सङ्ख्या | ६,००,००,००० (छ करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०।- (अक्षरेपी दश) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या | ३,००,००,००० (तीन करोड) |
| | घ | अधिकतम सकारिने इकाई सङ्ख्या | ७,५०,००,००० (सात करोड पचास लाख) |
| | ङ | योजनाको अवधि | ५ वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले ५ वर्ष । उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसावले प्रचलित कानुनबमोजिम वितरण गरिनेछ । कुनै कारणबस योजना नगदमा परिणत हुन नसकेको अवस्थामा नियमावलीमा भएको व्यवस्थाबमोजिम हुनेछ । |
| | छ | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने । |
| | ज | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनीले नै डिपोजिटरीको कार्य गर्ने । सो कार्य कम्पनीको अनामनगर स्थित कार्यलयबाट प्रदान गरिने । |

### ८.२ योजनाको उद्देश्य

इकाई बिक्रीबाट सङ्कलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

### ८.३ योजनाले लगानी गर्ने क्षेत्र

नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :

१. बोर्डमा दर्ता भएको धितोपत्र ।
२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।
३. धितोपत्र बिनिमय बजारमा सुचीकृत धितोपत्र ।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु ।
५. बैंक निक्षेप ।
६. मुद्रा बजार उपकरण ।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

### विदेशमा लगानी गर्ने भए सोसम्बन्धी व्यवस्था

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएतापनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने ।



### ८.४ योजनाको बित्तीय प्रक्षेपणसम्बन्धी विवरण

#### क. वासलात

रु. हजारमा

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| लगानी | ५६४,७९४.०० | ६३५,८०२.८७ | ६८१,४४६.५० | ७३०,४५४.१२ | ७७९,६४७.३७ |
| चालु सम्पत्ति | ११७,७८८.९६ | ९६,४७३.०० | ९७,१०९.०८ | ९१,६४५.२९ | ७७,९२१.२८ |
| **जम्मा सम्पत्ति** | **६८२,५८२.९६** | **७३२,२७५.८७** | **७७८,५५५.५८** | **८२२,०९९.४२** | **८५७,५६८.६५** |
| **दायित्व** | | | | | |
| इकाई पूँजी | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० |
| जगेडा तथा कोष | ३२,३४४.१७ | ६७,१४८.७१ | १०४,०५७.४६ | १४०,२११.०८ | २४१,४१२.७५ |
| अन्य दायित्व | ५०,२३८.७९ | ६५,१२७.१६ | ७४,४९८.११ | ८१,८८८.३४ | १६,१५५.९० |
| **जम्मा दायित्व** | **६८२,५८२.९६** | **७३२,२७५.८७** | **७७८,५५५.५८** | **८२२,०९९.४२** | **८५७,५६८.६५** |

#### ख. नाफा नोक्सान हिसाब

रु. हजारमा

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | |
| ब्याज आम्दानी (कल निक्षेपबाट प्राप्त ब्याज बाहेकको) | १७,०९२.४५ | १३,४३५.६१ | १३,६०६.२५ | १३,८८१.१० | १४,२०४.१० |
| नगद लाभांश | १४,८६३.०० | १५,८८३.८८ | १६,३२७.५० | १६,७८०.७० | १७,१७१.१८ |
| बोनश शेयरको बिक्रीबाट आर्जित | १७,८३५.६० | २३,८२५.८१ | २४,४९१.२६ | २५,१७१.०५ | २५,७५६.७७ |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा/नोक्सान | १७,८३५.६० | २७,७९६.७८ | ४०,८१८.७६ | ४६,१४६.९३ | ४७,२२०.७५ |
| ब्याज आम्दानी (कल निक्षेपमा) | ३,३५७.११ | ३,१७६.२५ | ३,४५२.४४ | ३,४१०.३१ | ३,०८३.७५ |
| **जम्मा आम्दानी** | ७०,९८३.७६ | ८४,११८.३३ | ९८,६९६.२१ | १०५,३९०.१० | १०७,४३६.५५ |
| **खर्च** | | | | | |
| कोष व्यवस्थापन शुल्क | ९,६४६.७४ | १०,३७६.०८ | १५,०८५.३३ | १६,६१९.७४ | १९,९७७.७९ |
| सुपरिवेक्षक शुल्क | १,५००.०० | १,५००.०० | ३,७७१.३३ | ४,१५४.९३ | ४,९९४.४५ |
| डिपोजीटरी शुल्क | ३,२१५.५८ | ३,४५८.६९ | ३,७७१.३३ | ४,१५४.९३ | ४,९९४.४५ |
| धितोपत्र दलाली शुल्क | २,३७८.०८ | ३,१७६.७८ | ३,२६५.५० | ३,३५६.१४ | ३,४३४.२४ |
| लेखापरिक्षक शुल्क | ५०.०० | ५०.०० | ५५.०० | ५५.०० | ५५.०० |
| सुचीकरण शुल्क (०.०७५%) | ५००.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० |
| योजना दर्ता शुल्क | ६००.०० | - | - | - | - |
| सूचना तथा विज्ञापन | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० |
| कानुनी शुल्क | ७२.०० | ७२.०० | ७९.२० | ७९.२० | ८७.१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| निष्काशन शुल्क | ४,३८०.०० | – | – | – | – |
| **जम्मा खर्च** | २२,३९२.४० | १८,७३३.५४ | २६,१२७.७० | २८,५१९.९५ | ३३,६४३.०४ |
| सञ्चालन मुनाफा/(नोक्सान) | ४८,५९१.३६ | ६५,३८४.७८ | ७२,५६८.५१ | ७६,८७०.१५ | ७३,७९३.५१ |
| आयकर व्यवस्था* | ३,९७३.१९ | ६,४१८.७७ | ७,९३७.४४ | ८,७२९.६० | ७,७१६.३९ |
| **नाफा /(नोक्सान)** | ४४,६१८.१७ | ५८,९६६.०१ | ६४,६३१.०७ | ६८,१४०.५५ | ६६,०७७.१२ |
| **नगद लाभांश** | ४२,०००.०० | ५४,०००.०० | ६०,०००.०० | ६६,०००.०० | – |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | २,६१८.१७ | ४,९६६.०१ | ४,६३१.०७ | २,१४०.५५ | ६६,०७७.१२ |
| **सञ्चालन मुनाफा/(नोक्सान) वासलातमा सारिएको** | २,६१८.१७ | ७,५८४.१८ | १२,२१५.२५ | १४,३५५.८१ | ८०,४३२.९३ |
| **लाभांश वितरण (%)** | ७ | ९ | १० | ११ | – |

* **द्रष्टव्य** : आयकर व्यवस्था गणना गर्दा नगद लाभांश/बोनश शेयर वापतको आम्दानीको रकम समावेश नगरिएको ।

## ग. नगद प्रवाहको विवरण

रु. हजारमा

| | विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|
| **क** | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | | | |
| १ | नगद प्राप्ति | ७०,९८३.७६ | ८४,११८.३३ | ९८,६९६.२१ | १०५,३९०.१० | १०७,४३६.५५ |
| २ | नगद भुक्तानी | (२२,३९२.४०) | (१८,७३३.५४) | (२६,१२७.७०) | (२८,५१९.९५) | (३३,६४३.०४) |
| ३ | आयकर भुक्तानी | – | (३,९७३.१९) | (६,४१८.७७) | (७,९३७.४४) | (८,७२९.६०) |
| | **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | ४८,५९१.३६ | ६१,४११.५९ | ६६,१४९.७४ | ६८,९३२.७१ | ६५,०६३.९१ |
| १ | सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा वृद्धि/(कमी) | (९,३८५.५०) | १,८७३.६४ | (१५४.३७) | (१२६.८९) | (७९.८६) |
| २ | सञ्चालन सम्बन्धी चालु दायित्वमा वृद्धि/(कमी) | ४,२६५.६० | ४४२.७९ | १,८५२.२९ | ५९८.०६ | १,२८०.७७ |
| | **कारोबार सञ्चालनबाट भएको कुल नगद प्रवाह (क)** | ४३,४७१.४६ | ६३,७२८.०१ | ६७,८४७.६६ | ६९,४०३.८९ | ६६,२६४.८२ |
| **ख** | **लगानी कारोबारमा नगद प्रवाह** | – | – | – | – | – |
| १ | धितोपत्र लगानीमा वृद्धि/(कमी) | (५३५,०६८.००) | (४१,१७०.३३) | (१३,३६५.९६) | (१४,९९४.५६) | (१४,०६८.६९) |
| २ | स्थिर सम्पत्तिमा वृद्धि/(कमी) | – | – | – | – | – |
| | **लगानी कारोबारबाट भएको कुल नगद प्रवाह (ख)** | (५३५,०६८.००) | (४१,१७०.३३) | (१३,३६५.९६) | (१४,९९४.५६) | (१४,०६८.६९) |
| **ग** | **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | | | | |
| १ | शेयर पूँजीमा वृद्धि/(कमी) | ६००,०००.०० | - | - | - | - |
| २ | लाभांश भुक्तानी | – | (४२,०००.००) | (५४,०००.००) | (६०,०००.००) | (६६,०००.००) |
| | **वित्तीय कारोबारबाट भएको कुल नगद प्रवाह (ग)** | ६००,०००.०० | (४२,०००.००) | (५४,०००.००) | (६०,०००.००) | (६६,०००.००) |
| **घ** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क +ख+ग)** | १०८,४०३.४६ | (१९,४४२.३२) | ४८१.७० | (५,५९०.६७) | (१३,८०३.८७) |
| **ङ** | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | - | १०८,४०३.४६ | ८८,९६१.१४ | ८९,४४२.८४ | ८३,८५२.१७ |
| **च** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १०८,४०३.४६ | ८८,९६१.१४ | ८९,४४२.८४ | ८३,८५२.१७ | ७०,०४८.३० |



## घ. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

रु. हजारमा

| आम्दानी | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| ब्याज आम्दानी (कल निक्षेप बाहेक) | १७,०९२.४५ | १३,६७७.९७ | १४,३७७.७१ | १५,६६५.१० | १७,६६६.६२ |
| नगद लाभांश | १४,८६३.०० | १६,१७०.४० | १७,२५३.२५ | १८,९३७.३६ | २१,३५६.९९ |
| बोनश शेयर आर्जित | १७,८३५.६० | २४,२५५.६१ | २५,८७९.८८ | २८,४०६.०४ | ३२,०३५.४८ |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा/नोक्सान | १७,८३५.६० | २८,२९८.२१ | ४३,१३३.१३ | ५२,०७७.७५ | ५८,७३१.७१ |
| ब्याज आम्दानी (कल निक्षेप) | ३,३५७.११ | ३,१९१.३३ | ३,४८६.७३ | ३,४७३.७५ | ३,२०६.८६ |
| **जम्मा आम्दानी** | ७०,९८३.७६ | ८५,५९३.५२ | १०४,१३०.७१ | ११८,५६०.०० | १३२,९९७.६७ |
| **खर्च** | | | | | |
| धितोपत्र दलाली शुल्क | २,३७८.०८ | ३,२३४.०८ | ३,४५०.६५ | ३,७८७.४७ | ४,२७१.४० |
| लेखापरिक्षक शुल्क | ५०.०० | ५०.०० | ५५.०० | ५५.०० | ५५.०० |
| सूचीकरण शुल्क (०.०७५%) | ५००.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० |
| योजना दर्ता शुल्क | ६००.०० | – | – | – | – |
| सूचना तथा विज्ञापन | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० |
| कानुनी शुल्क | ७२.०० | ७२.०० | ७९.२० | ७९.२० | ८७.१२ |
| निष्काशन शुल्क | ४,३८०.०० | - | - | - | - |
| **जम्मा खर्च** | ८,०३०.०८ | ३,४५६.०८ | ३,६८४.८५ | ४,०२१.६७ | ४,५१३.५२ |
| करअघिको मुनाफा | ६२,९५३.६८ | ८२,१३७.४४ | १००,४४५.८६ | ११४,५३८.३२ | १२८,४८४.१५ |
| आयकर व्यवस्था | ७,५६३.७७ | १०,४२७.८६ | १४,३२८.१८ | १६,७९८.७३ | १८,७७२.९२ |
| **नाफा/नोक्सान** | ५५,३८९.९१ | ७१,७०९.५८ | ८६,११७.६८ | ९७,७३९.५९ | १०९,७११.२३ |
| लाभांश वितरण | ४२,०००.०० | ५४,०००.०० | ६०,०००.०० | ६६,०००.०० | |
| सञ्चालन मुनाफा/(नोक्सान) वासलातमा सारिएको | १३,३८९.९१ | १७,७०९.५८ | २६,११७.६८ | ३१,७३९.५९ | १०९,७११.२३ |
| **जम्मा इकाई पूँजी (क)** | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० | ६००,०००.०० |
| **जगेडा तथा कोष** | | | | | |
| सञ्चित मुनाफा | १३,३८९.९१ | ३१,०९९.४९ | ५७,२१७.१७ | ८८,९५६.७६ | १९८,६६७.९९ |
| आर्जन हुन बाँकी नाफा | २९,७२६.०० | ६०,६३९.०१ | ९७,०४९.५५ | १४२,०३०.२२ | २००,२२१.७५ |
| **जम्मा जगेडा तथा कोष (ख)** | ४३,११५.९१ | ९१,७३८.५० | १५४,२६६.७२ | २३०,९८६.९८ | ३९८,८८९.७४ |
| **कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्कअघिको खुद सम्पत्ति मूल्य (ग) . (क–ख)** | ६४३,११५.९१ | ६९१,७३८.५० | ७५४,२६६.७२ | ८३०,९८६.९८ | ९९८,८८९.७४ |
| कोष व्यवस्थापन शुल्क | ९,६४६.७४ | १०,३७६.०८ | १५,०८५.३३ | १६,६१९.७४ | १९,९७७.७९ |
| सुपरिवेक्षक शुल्क | १,५००.०० | १,५००.०० | ३,७७१.३३ | ४,१५४.९३ | ४,९९४.४५ |
| डिपोजीटरी शुल्क | ३,२१५.५८ | ३,४५८.६९ | ३,७७१.३३ | ४,१५४.९३ | ४,९९४.४५ |
| **जम्मा शुल्क (घ)** | १४,३६२.३२ | १५,३३४.७७ | २२,६२८.०० | २४,९२९.६१ | २९,९६६.६९ |
| **खुद सम्पत्ति मूल्य (ङ).(ग–घ)** | ६२८,७५३.५९ | ६७६,४०३.७३ | ७३१,६३८.७२ | ८०६,०५७.३७ | ९६८,९२३.०५ |
| **कुल इकाई सङ्ख्या (च)** | ६०,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ६०,०००.०० |
| **प्रति इकाई खुद सम्पत्ति मूल्य (ङ/च)** | १०.४८ | ११.२७ | १२.१९ | १३.४३ | १६.१५ |
| **लाभांश वितरण** | ७.००% | ९.००% | १०.००% | ११.००% | * |
| **लगानीमा प्रतिफल** | १२% | १७% | १८% | २१% | २०% |

* अन्तिम बर्षमा लगानकिो रकम फिर्ता भुक्तानी गर्दा प्राथमिक लगानीको २० प्रतिशत प्रतिफल लाभ प्रक्षेपित जुन लगानीको प्रतिफलमा खुलाइएको छ ।

योजना व्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण सुजन काफ्ले एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टका सि.ए. सुजन काफ्लेबाट प्रमाणित भएको छ ।

## ङ. वित्तीय प्रक्षेपणका आधारहरु

### १. योजनाको सम्पत्तिको बाँडफाँट

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| स्थिर आय हुने क्षेत्र | ४०.००% | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% |
| साधारण शेयर | ५०.००% | ६६.५०% | ६७.५०% | ६८.००% | ६८.००% |
| माग तथा अल्प सूचनामा प्राप्तहुने रकम | १०.००% | ३.५०% | २.५०% | २.००% | २.००% |

### २. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

- योजना दर्ता शुल्क (योजनाको ०.१%) : रु.६,००,०००.००
- निष्काशन तथा बिक्री प्रबन्धक शुल्क : योजनाको ०.२५%
- ब्रोकर शुल्क : कारोबार गरिने धितोपत्र मुल्यको ०.८% । कुल शेयर लगानीमध्ये ५०% शेयर दोस्रो वर्षदेखि एक वर्षमा नियमित कम्तिमा दुई पटक कारोबार गरिने
- लेखापरीक्षण शुल्क : पहिलो वर्ष रु.५०,०००/– र हरेक दुई वर्षमा १०% ले बृद्धि गरिने
- नियमित सूचना प्रकाशन शुल्क : बार्षिक रु..५०,००० को दरले
- कानुनी परामर्श शुल्क : पहिलो वर्ष रु.७२,०००/– र हरेक दुई वर्षमा १०% ले बृद्धि गरिने

### ३. प्रक्षेपित प्रतिफल

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| स्थिर आय | ७.५०% | ७.५०% | ७.५०% | ७.५०% | ७.५०% |
| शेयर: नगद लाभांश | ५% | ४% | ४% | ४% | ४% |
| वोनश शेयर | ६% | ६% | ६% | ६% | |
| ब्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४% | ४% | ४% | ४% | ४% |
| आर्जित पूँजीगत नाफा/(नोक्सान) | १२% | १४% | २०% | २२% | २२% |
| संचित (Cumulative) आर्जित हुन बाँकी पूँजीगत नाफा/(नोक्सान) | २०% | ३०% | ४५% | ६०% | ७५% |

### ४. पाउनुपर्ने तथा भुक्तनी गर्नुपर्ने

- चालु सम्पत्ति : माग तथा अल्प सूचनामा प्राप्तहुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको स्थिर लगानीमा प्राप्त ब्याज आम्दानी अर्ध वार्षिक रूपमा गणना गरिएको
- चालु दायित्व : सन्ड्री क्रेडिटर्स, योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, कानुनी शुल्क तथा दलाली शुल्क त्रैमासिक रुपमा भुक्तानी गरिने ।

□



### ५. अनुमानित लाभांश वितरण

| वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|
| ७.००% | ९.००% | १०.००% | ११.००% | – |

### ६. कर सम्बन्धी व्यवस्था

लाभांशबाट प्राप्त आम्दानी सामावेश नगरी कायम हुन आउने खुद मुनाफाको २५% ले कर दायित्व गणना गरिएको ।

## ८.५ योजनाको खर्चसम्बन्धी विवरण

योजनाको खर्चसम्बन्धी विवरण देहायअनुसार रहेको छ :

### (क) योजना निष्काशनका लागि गरिने खर्च

नियमावलीको व्यवस्थाबमोजिम बोर्डमा योजना दर्ता गर्ने शुल्क योजना रकमको ०.१ प्रतिशत हुने, सूचना प्रकाशन, आवेदन फाराम छपाई, आवेदन सङ्कलन, प्रशोधन तथा फिर्ता भुक्तानी, प्रमाणपत्र छपाइ तथा वितरण, इकाईको बाँडफाँड, योजनाको प्रचार प्रसार तथा निष्काशनसंग आवद्ध अन्य खर्च ।

### (ख) योजनाको नियमित खर्च

१. लगानी व्यवस्थापन शुल्क : योजनाको प्राथमिक लगानीमा नगद प्रतिफल १० प्रतिशतसम्म भएमा वर्षान्तमा कायम खुद सम्पत्ति मूल्यको १.५० प्रतिशत । योजनाको प्राथमिक लगानीमा नगद प्रतिफल १० प्रतिशतभन्दा बढी भएमा वर्षान्तमा कायम खुद सम्पत्ति मूल्यको २ प्रतिशत ।

२. कोष सुपरिवेक्षक (समूह) शुल्क: नियमावलीको नियम २३ को उप नियम (२) को अधिनमा रहि योजनाको प्राथमिक लगानीमा नगद प्रतिफल १० प्रतिशतसम्म भएमा बार्षिक रु.१५,००,००० । योजनाको प्राथमिक लगानीमा नगद प्रतिफल १० प्रतिशतभन्दा बढी भएमा वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.५ प्रतिशतसम्म ।

३. डिपोजिटरी शुल्क : योजनाको वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.५० प्रतिशत ।

४. सूचीकरण तथा नवीकरण शुल्क : नेपाल स्टक एक्सचेन्ज लि. ले तोकेवमोजिम ।

५. लेखापरीक्षण, प्रचलित कानुनबमोजिमको सूचना प्रकाशन, कानुनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) ।

६. योजनाले कर तिर्नुपर्ने अवस्थामा त्यस्तो कर तथा सिडिएस (CDS) मा दर्ता शुल्क,

७. योजनासँग सम्बन्धित अन्य भैपरी आउने खर्च ।

बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ।

**८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था**

प्रचलित कानुनले निर्धारण गरेबमोजिम हुनेछ।

**८.८ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया**

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण हुने छैनन्। योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक आधारमा वितरण गरिनेछ। अवधि समाप्त भएको अवस्थामा इकाईधनीहरुको सहमतिमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ। योजनालाई नयाँ योजनामा परिणत गर्ने सम्बन्धी व्यवस्था र अपनाउने प्रकृया नियमावलीको अधीनमा रही बोर्डको स्वीकृति अनुरुप हुनेछ।

**८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था**

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि**

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ। खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\text{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या}}$$

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्था**

योजना बिक्री बन्द भएको ३० दिनभित्र योजना व्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ। तत्पश्चात् नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेब साईट www.nabilinvest.com.np मा सार्वजनिक गरिनेछ। साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सोसम्बन्धी विवरण सार्वजनिक गर्नेछ। खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादनसम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ।



**८.१० योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा**

**(क) सामान्य जोखिम तत्वहरु**

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :

सामूहिक लगानी कोषअन्तर्गत योजनाको लगानी धितोपत्र बजारलगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिनेहुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :

योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ। यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :

योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ। योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :

यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ। योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको

सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु**

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) योजनाअन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोषसम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिमसमेत आकर्षित हुनसक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुनेहुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
हाल नेपालमा रेटिङ्ग गर्ने कार्य प्रारम्भ भैनसकेकोले यस योजनाको समेत रेटिङ्ग भएको छैन ।



(४) व्याजदर परिवर्तनबाट हुने जोखिमसम्बन्धमा :
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिबेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने व्याजदरमा परिवर्तनहुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्थाबमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) इक्वीटीसम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहनेहुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हन्छन् ।

(७) ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहनेहुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) व्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :
व्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ। यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ।

(११) योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ। यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन्। यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ। योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ।

(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ।

(१३) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ। त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ।

(१४) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजनाअर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ। योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ। तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन।



**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ।

(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिनेछ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ। यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसरअनुरुप निरन्तर लगानी विविधीकरणको प्रक्रिया अबलम्वन गरिनेछ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ।

## ९. ईकाइ निष्काशनसम्बन्धी विवरण

### ९.१ ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भए पश्चात् इकाईको लागि निवेदन दिन पाउने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिनसम्म रहन सक्नेछ। तर उक्त अवधिभित्र सम्पूर्ण इकाई बिक्री नभएमा बोर्डको स्वीकृति लिई बढीमा १५ कार्य दिनसम्म निवेदन दिन पाउने अवधि थप गर्न सकिनेछ। बिक्री खुला अवधि कम्तिमा ५ कार्य दिनका लागि हुने भएतापनि प्रत्येक विकास क्षेत्रमा कम्तिमा एक सङ्कलन केन्द्र रहने गरी कम्तिमा १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन प्राप्त गर्दा निष्काशित इकाईभन्दा बढी इकाईका लागि आवेदन प्राप्त भएको अवस्थामा निवेदन दिने अवधि ४ कार्यदिनमा सिमित गर्न सकिनेछ।

### ९.२ निवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी

धितोपत्र बजारको मुख्य कार्यालय रहेको जिल्लामा कम्तिमा २ वटा सङ्कलन केन्द्र र पाँच विकास क्षेत्रको हरेक क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्र रहनेगरी कम्तिमा १० वटाभन्दा बढी सङ्कलन केन्द्रको व्यवस्था देहाय बमोजिम हुनेछः:-

(क) नबिल बैंक लिमिटेड, नबिल सेन्टर, बीना मार्ग, दरबारमार्गस्थित प्रधान कार्यलय तथा आह्वान पत्रमा तोकिएका सबै शाखा कार्यालयहरु।

(ख) नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड चावहिल र अनामनगर काठमाडौँ ।
निष्काशन तथा बिक्री प्रबन्धकले अन्य सङ्कलन केन्द्रहरुको जानकारी दिनेछ।

**९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु**

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन्।

**९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या**

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० ले भाग जाने गरी अधिकतम ६० (साठ्ठी) लाख ईकाइसम्म खरिदका लागि आवेदन दिन सक्नेछन्।

**९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था**

(१) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ।

(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ।

(३) यस विवरण पुस्तिकाअनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ।

(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ।

(५) इकाईको बाँडफाँटसम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ।

(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रोबजारमा कारोबारको व्यवस्था मिलाइनेछ।

**९.६ आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु**

(१) कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिकाअनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आवेदन फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । गैरआवसीय नेपालीको हकमा परिचयपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।



(२) आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ।

(३) नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ।

(४) आमा/बाबुबाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानुनबमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ।

(५) नाबालकको हकमा माथि बुँदा (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संरक्षक स्वयंले प्रमाणित गरी आवेदन फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(६) कम्पनी वा संस्थाले इकाई खरिदका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयसहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ।

(७) इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनुपर्नेछ। यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्रबाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ।

(८) रु. ५०,०००।- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले आवेदन दिँदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेकमार्फत रकम जम्मा गर्नुपर्नेछ। रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

(९) आवेदन दिँदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।

(१०) दरखास्तवाला, नाबालकसमेतले स्वयंको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा आवेदन फारममा खुलाउनुपर्नेछ । साथै आवेदकले उल्लेख गर्ने खाता क्लियरिङ हाउसको सदस्यता लिएको बैंक वा वित्तीय संस्था हुनुपर्नेछ । आवेदकले योजनासँग सम्वन्धित सम्पूर्ण कार्य बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ।

(११) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइनेछैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ।

(१२) आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम ६०,००,००० (साठ्ठी लाख) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ। यस्तो इकाई लागि आवेदन दिँदा आफूले खरिद गर्न चाहेको प्रति इकाई वापत रु. १०।– (दश) का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ।

(१३) आवेदकले सङ्कलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिक्री बन्द भएको १० (दश) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन।

(१४) यस विवरण पुस्तिकाबमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफावाट प्रचलित कानुन वमोजिम ईकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ।

(१५) प्रमाण–पत्र बुझ्न आउँदा र बाँडफाँटमा नपरेको इकाईबापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बूँदा (१) तथा (५) बमोजिम आवेदन फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कल प्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र बाँडफाँटमा नपरेको इकाईबापतको रकम आवेदक फारममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ र इकाईको प्रमाण–पत्र वितरण गरिनेछ।

(१६) आवेदकले नियमावली र निर्देशिकाको राम्रो अध्ययन गरेर मात्र आवदेन दिनु उपयुक्त हुन्छ।

## १० इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा

### इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्थावारे जानकारी प्राप्त गर्ने।

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने।

(ग) योजनाअन्तर्गतका आफना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने।

(घ) योजना व्यवस्थापकको कार्यसम्पादनसम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने।

(ङ) योजना सञ्चालनसम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासा राखी समाधान गराउने।



(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने।

### इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा

(क) खरिद गरेको योजनाको इकाई प्रमाणपत्र प्राप्त हुनेछ जसमा योजना व्यवस्थापकको कुनै एक सञ्चालक र कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये एकजना गरी दुई जनाको दस्तखत रहनेछ।

## ११ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ। साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकका कर्पोरेट फाइनान्स तथा रिसर्च प्रमुख श्री मनिष नारायण जोशीलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ। नियम पालना अधिकृतले प्राप्त गुनासा सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ। यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षकसमक्ष राखी सोको समाधान गरिनेछ।

लगानीकर्ताहरुले देहायबमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्:
फोन नं. ४४६५०१०/४४६४७०३, फ्याक्स नं.४४६५००९, E-mail: nabilinvest@nabilbank.com

### निष्काशन बैंकहरु

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ।

१. श्री नबिल बैंक लिमिटेड, चावहिल, काठमाडौं।
२. श्री नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, काठमाडौं।
३. श्री बैंक अफ काठमाडौं लिमिटेड, काठमाडौं।
४. श्री कमर्ज एण्ड ट्रस्ट बैंक नेपाल लिमिटेड, काठमाडौं।
५. एन.एम.बी. बैंक लिमिटेड, काठमाडौं।
६. नेपाल एबिआई बैंक लिमिटेड, बौद्ध, काडमाडौं।
७. बैंक अफ एशिया नेपाल लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं।

साथै आवश्यकतानुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई अन्य क बर्गका बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

१२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)

## ड्यु डेलिजेन्स् सर्टिफिकेट

**N - BILINVEST** NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

मिति : २०७१/१०/१२

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर।

महोदय,

विषय : प्रतिबद्धता पत्र।

[illegible]

१. [illegible]

२. [illegible]

३. [illegible]

भवदीय,

[illegible]
प्रमुख कार्यकारी अधिकृत

Services: Issue Management, Registrar to Shares, Underwriting of Securities, Portfolio Management, Depository Participant, Fund Manager & Depository - Nabil Mutual Fund

१३. **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| क्र. सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अनिल ज्ञवाली | अध्यक्ष | |
| २ | श्री सविन जोशी | सञ्चालक | |
| ३ | डा. रेवत बहादुर कार्की | स्वतन्त्र व्यवसायिक सञ्चालक | |